# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८१ साउन-असोज

## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

## राष्ट्रिय सूचना आयोग

**काठमाडौं, नेपाल**

## स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०८१ साउन-असोज अवधिमा सम्पादित प्रमुख कार्यहरू अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौँ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरुप माग भएका सूचनाहरू उपलब्ध नगराउने विरुद्ध प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सार्वजनिक निकायमा सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी हुँदै आएको छ । आयोगबाट भएको आदेश पालना नगर्ने सार्वजनिक निकायहरूलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम जरिवानासमेत हुँदै आएको छ । यस अवधिमा ४३३ वटा पुनरावेदन आयोगमा दर्ता भएका छन् । ती सबै उजुरी पुनरावेदन तथा निवेदन उपर आयोगबाट यथोचित कारवाही भएको छ ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ. ब. २०८१/८२ सालको साउन, भदौ र असोज महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको तोकिएको समयभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयम् अग्रसर भई आ-आफ्नो विवरण सार्वजनिक गर्न आयोग आग्रह गर्दछ ।

**राष्ट्रिय सूचना आयोग**

**काठमाडौं**

मिति : २०८१ कार्तिक ५ गते

# विषयसूची


१. आयोगको स्वरुप र प्रकृति

२. आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. आयोगबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. आ. व. ०८१/८२ (साउन-असोज) मा सञ्चालित कार्यक्रमहरू

१५. आयोगको वेबसाइट

१६. आयोगले प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**२०८१ साउन-असोज**

**सम्मको विवरण**

## १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पु्‍याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय काठमाडौंको त्रिपुरेश्‍वरमा रहेको छ ।

**क) आयोगको दूरदृष्टि**

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको सिर्जना गर्ने ।

**ख) लक्ष्य**

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिबृद्धि गर्ने ।

**ग) उद्देश्य**

१. सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिबृद्धि गर्ने ।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरूमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै लैजाने ।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरूलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिबृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने ।

**घ) रणनीतिक प्राथमिकताहरू**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गर्ने ।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने ।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरूको अभिबृद्धि गर्ने ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।


## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल आयोगमा देहाय बमोजिमको ३७ स्विकृत दरवन्दीमध्ये पूर्ति दरवन्दी ३२ जना र रिक्त दरबन्दी ३ कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३७ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | २० जना |
| ३.३ | करार सेवा कर्मचारी | १७ जना |

# राष्ट्रिय सूचना आयोगको संगठन संरचना

अनुसूची-१.१



**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरूको कार्यहरू देहाय अनुसार रहेको छ।**

**३.१ प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
- जिन्सी व्यवस्थापन गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा**

- प्रचार प्रसार सामाग्रीहरूको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने ।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- गोष्ठी/सेमिनारहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने ।

**३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा**

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने सम्बन्धी ।
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने सम्बन्धी ।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने सम्बन्धी ।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने सम्बन्धी ।

**४. आयोगबाट प्रदान गरिने सेवा :**

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

४.२. सूचनादाताको संरक्षण गर्ने ।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने ।

४.५. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

४.६ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

# राष्ट्रिय सूचना आयोगको
# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | उजुरी/ गुनासो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | - सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | भुँई तल्ला | उप सचिव (न्याय, कानून) ९८५१२४४६६५ | - सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोगसमक्ष पुनरावेदन दिनसक्ने ।<br>- यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>- पुनरावेदन निरर्थक देखिएमा वा सूचना उपलब्ध गराएमा पुनरावेदन खारेज गर्ने ।<br>- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | ६० दिनभित्र | प्रमुख सूचना आयुक्त समक्ष उजुरी गर्न सकिने | निःशुल्क |
| | - सूचना दुरुपयोग सम्बन्धी उजुरी | | | | - सार्वजनिक निकायले सूचना दुरुपयोग गरेको प्रमाण सहित आयोग समक्ष उजुरी दिन सक्ने ।<br>- आयोगबाट उजुरी जाँचबुझ गर्दा उजुरी मनासिब देखिएमा दुरुपयोगकर्तालाई पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने । | | | |
| | - सूचना दाताको संरक्षण सम्बन्धी उजुरी | | | | - ऐनको दफा २९ को उपदफा (१) बमोजिम सूचना दिएको कारणले सूचनादातालाई उपदफा (३) बमोजिमको सजायँ भएमा सूचनादाताले निर्णय बदर गराउन र क्षतिपूर्ति माग सहित आयोगमा उजुरी गर्न सक्ने ।<br>- आयोगबाट उजुरी जाँचबुझ गर्दा उजुरी मनासिब देखिएमा त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई क्षतिपुर्ति भराउन आदेश दिन सक्ने । | | | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | उप सचिव (प्रशासन, सा. प्र.) | - योजना तथा प्रवर्द्धन शाखा प्रमुखले बार्षिक रूपमा सञ्चालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>- स्वीकृत बार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्यसमेत विचार गरी कार्यक्रम सञ्चालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>- सूचना परियोजना कार्यान्वयन गर्ने । | निरन्तर | सचिव (रा. प. प्रथम) | निःशुल्क |
| ३. | आयोगको दैनिक प्रशासन सञ्चालन | प्रशासन शाखा | पहिलो तल्ला | उप सचिव (प्रशासन, सा. प्र.) | - कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>- स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने ।<br>- आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | निरन्तर | सचिव (रा. प. प्रथम) | निःशुल्क |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | श्री युबराज अधिकारी | उप सचिव | |
| | | श्री दिनेश लुइटेल | शाखा अधिकृत | |
| | | श्री प्रिता दाहाल | कम्प्युटर इन्जिनियर | |
| | | श्री शान्ता न्यौपाने | नायव सुब्बा | |
| | | श्री मोहन ज्ञवाली | कम्प्युटर अपरेटर | |
| २. | योजना तथा प्रवर्द्धन शाखा | श्री सन्तोष दाहाल | उपसचिव | |
| | | श्री सहनशिला पुडासैनी | शाखा अधिकृत | |
| | | श्री सृजना ज्ञवाली | नायव सुब्बा | |
| ३. | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | श्री सुदर्शन ढकाल | उप सचिव (कानून) | |
| | | श्री दिनेश भट्टराई | शाखा अधिकृत | |
| | | श्री कपिल जंग रावल | कानून अधिकृत | |
| | | श्री योगेश खत्री | नायब सुब्बा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ४. | सचिवालय | श्री शर्मिला महर्जन | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | सूचना आयुक्त |
| | | श्री डिल्लीराम भट्ट | शाखा अधिकृत | सूचना आयुक्त |
| | | श्री रञ्जना कुमारी दाहाल | नायव सुव्वा | सचिव |
| ५. | आर्थिक प्रशासन शाखा | श्री अशोक न्यौपाने | लेखा अधिकृत | |
| | | श्री लक्ष्मण अर्याल | लेखापाल | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निः शुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने । आयोगमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

**निर्णय गर्ने अधिकारी**

सचिव कमल प्रसाद भट्टराई

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव कमल प्रसाद भट्टराई

## ९. सम्पादन गरेको कामको विवरण

१. संघीय संसद महिला तथा सामाजिक मामिला समितिले देशको समग्र विकासको मूल प्रवाहमा आउन नसकेका जाति वर्ग तथा समुदायमा सूचनाको हकसम्बन्धी विषयमा छलफल सम्पन्न,

२. सुशासनका लागि सूचनाको हक, प्रदेशस्तरीय गोष्ठी, मधेश प्रदेश,

३. सूचनाको हकसम्बन्धी कार्यशाला गोष्ठी, प्रसौनी गा. पा., बारा,

४. सुशासनका लागि सूचनाको हक, प्रदेशस्तरीय गोष्ठी, लुम्बिनी प्रदेश,

५. जनकपुरमा आयोजित सूचनाको हकसम्बन्धी प्रशिक्षण शिविर,

६. राष्ट्रिय सूचना दिवस,

७. सूचनाको हकसम्बन्धी प्रशिक्षण कार्यक्रम, ललितपुर,

८. आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन प्रधानमन्त्रीका तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रीबाट प्रतिनिधि सभामा पेश,

९. अन्तर्राष्ट्रिय सूचना दिवस

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

१. कार्यालय प्रमुख सचिव श्री कमल प्रसाद भट्टराई

२. सूचना अधिकारी उपसचिव (कानून) श्री सुदर्शन ढकाल

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूको आचार संहिता, २०७७
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरूको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६

# १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

बजेट उपशीर्षक नम्बरः ३५८२१०११३ — आर्थिक वर्षः

आयोजना/कार्यक्रम नामः राष्ट्रिय सूचना आयोग — महिनाः

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | |
| 21111 **पारिश्रमिक कर्मचारी** | | | | | **१४,९४८,०००.००** | **४,१८९,८४५.५४** | **२,१७२,६११.०४** | **२,०१७,२३४.५०** | **४,१८९,८४५.५४** | **०.००** | **४,१८९,८४५.५४** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १४,९४८,०००.०० | ४,१८९,८४५.५४ | २,१७२,६११.०४ | २,०१७,२३४.५० | ४,१८९,८४५.५४ | ०.०० | ४,१८९,८४५.५४ |
| 21112 **पारिश्रमिक पदाधिकारी** | | | | | **३,३००,०००.००** | **९८८,१५५.३०** | **४९७,८६२.००** | **४९०,२९३.३०** | **९८८,१५५.३०** | **०.००** | **९८८,१५५.३०** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ३,३००,०००.०० | ९८८,१५५.३० | ४९७,८६२.०० | ४९०,२९३.३० | ९८८,१५५.३० | ०.०० | ९८८,१५५.३० |
| 21121 **पोशाक** | | | | | **२००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 21123 **औषधी उपचार खर्च** | | | | | **२४०,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २४०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 21132 **महंगी भत्ता** | | | | | **४८०,०००.००** | **११६,०००.००** | **७८,०००.००** | **३८,०००.००** | **११६,०००.००** | **०.००** | **११६,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ४८०,०००.०० | ११६,०००.०० | ७८,०००.०० | ३८,०००.०० | ११६,०००.०० | ०.०० | ११६,०००.०० |
| 21134 **कर्मचारीको बैठक भत्ता** | | | | | **२००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 21139 **अन्य भत्ता** | | | | | **१००,०००.००** | **५,०००.००** | **५,०००.००** | **०.००** | **५,०००.००** | **०.००** | **५,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १००,०००.०० | ५,०००.०० | ५,०००.०० | ०.०० | ५,०००.०० | ०.०० | ५,०००.०० |
| 21141 **पदाधिकारी बैठक भत्ता** | | | | | **२००,०००.००** | **४४,०००.००** | **०.००** | **४४,०००.००** | **४४,०००.००** | **०.००** | **४४,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २००,०००.०० | ४४,०००.०० | ०.०० | ४४,०००.०० | ४४,०००.०० | ०.०० | ४४,०००.०० |
| 21212 **योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च** | | | | | **१२०,०००.००** | **२०,२४५.०८** | **१०,१२२.५४** | **१०,१२२.५४** | **२०,२४५.०८** | **०.००** | **२०,२४५.०८** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १२०,०००.०० | २०,२४५.०८ | १०,१२२.५४ | १०,१२२.५४ | २०,२४५.०८ | ०.०० | २०,२४५.०८ |
| 21213 **योगदानमा आधारित बीमा कोष खर्च** | | | | | **१००,०००.००** | **२३,२००.००** | **१५,६००.००** | **७,६००.००** | **२३,२००.००** | **०.००** | **२३,२००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १००,०००.०० | २३,२००.०० | १५,६००.०० | ७,६००.०० | २३,२००.०० | ०.०० | २३,२००.०० |
| 22111 **पानी तथा बिजुली** | | | | | **८००,०००.००** | **११५,०१३.००** | **४,२७०.००** | **११०,७४३.००** | **११५,०१३.००** | **०.००** | **११५,०१३.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ८००,०००.०० | ११५,०१३.०० | ४,२७०.०० | ११०,७४३.०० | ११५,०१३.०० | ०.०० | ११५,०१३.०० |
| 22112 **संचार महसुल** | | | | | **७६२,०००.००** | **१२०,७४१.००** | **९,०००.००** | **१११,७४१.००** | **१२०,७४१.००** | **०.००** | **१२०,७४१.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ७६२,०००.०० | १२०,७४१.०० | ९,०००.०० | १११,७४१.०० | १२०,७४१.०० | ०.०० | १२०,७४१.०० |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | |
| 22211 **इन्धन (पदाधिकारी)** | | | | | **९५५,०००.००** | **१७१,३२६.००** | **८५,९३१.००** | **८५,३९५.००** | **१७१,३२६.००** | **०.००** | **१७१,३२६.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ९५५,०००.०० | १७१,३२६.०० | ८५,९३१.०० | ८५,३९५.०० | १७१,३२६.०० | ०.०० | १७१,३२६.०० |
| 22212 **इन्धन (कार्यालय प्रयोजन)** | | | | | **९४३,०००.००** | **१३४,७९२.००** | **७३,८५६.००** | **६०,९३६.००** | **१३४,७९२.००** | **०.००** | **१३४,७९२.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ९४३,०००.०० | १३४,७९२.०० | ७३,८५६.०० | ६०,९३६.०० | १३४,७९२.०० | ०.०० | १३४,७९२.०० |
| 22213 **सवारी साधन मर्मत खर्च** | | | | | **१,४००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १,४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 22214 **वीमा तथा नवीकरण खर्च** | | | | | **३५२,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ३५२,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 22221 **मेशिनरी तथा औजार मर्मत  सम्भार तथा सञ्चालन खर्च** | | | | | **२००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 22311 **मसलन्द तथा कार्यालय सामाग्री** | | | | | **१,५००,०००.००** | **२५,०००.००** | **२५,०००.००** | **०.००** | **२५,०००.००** | **२५,०००.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १,५००,०००.०० | २५,०००.०० | २५,०००.०० | ०.०० | २५,०००.०० | २५,०००.०० | ०.०० |
| 22313 **पुस्तक तथा सामग्री  खर्च** | | | | | **१००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 22314 **इन्धन - अन्य प्रयोजन** | | | | | **१००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 22315 **पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च** | | | | | **५२०,०००.००** | **१४,०९०.००** | **०.००** | **१४,०९०.००** | **१४,०९०.००** | **०.००** | **१४,०९०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ५२०,०००.०० | १४,०९०.०० | ०.०० | १४,०९०.०० | १४,०९०.०० | ०.०० | १४,०९०.०० |
| 22319 **अन्य कार्यालय संचालन खर्च** | | | | | **२४०,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २४०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 22411 **सेवा र परामर्श खर्च** | | | | | **२००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 22413 **करार सेवा शुल्क** | | | | | **५,९८९,०००.००** | **१,७८९,६८८.००** | **८९४,८४४.००** | **८९४,८४४.००** | **१,७८९,६८८.००** | **०.००** | **१,७८९,६८८.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ५,९८९,०००.०० | १,७८९,६८८.०० | ८९४,८४४.०० | ८९४,८४४.०० | १,७८९,६८८.०० | ०.०० | १,७८९,६८८.०० |
| 22512 **सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी  खर्च** | | | | | **२,७५०,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २,७५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 22522 **कार्यक्रम खर्च** | | | | | **३,४७९,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ३,४७९,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 22529 **विविध कार्यक्रम खर्च** | | | | | **६,४८५,०००.००** | **१८५,६१५.००** | **०.००** | **१८५,६१५.००** | **१८५,६१५.००** | **०.००** | **१८५,६१५.००** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | ६,४८५,०००.०० | १८५,६१५.०० | ०.०० | १८५,६१५.०० | १८५,६१५.०० | ०.०० | १८५,६१५.०० |
| 22611 **अनुगमन, मूल्यांकन खर्च** | | | **८१६,०००.००** | **१७३,०००.००** | **७१,२००.००** | **१०१,८००.००** | **१७३,०००.००** | **०.००** | **१७३,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | ८१६,०००.०० | १७३,०००.०० | ७१,२००.०० | १०१,८००.०० | १७३,०००.०० | ०.०० | १७३,०००.०० |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 22612 **भ्रमण खर्च** | | | | | **१००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **१००,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| 22711 **विविध खर्च** | | | | | **८००,०००.००** | **१५७,८४०.००** | **२७,५००.००** | **१३०,३४०.००** | **१५७,८४०.००** | **०.००** | **१५७,८४०.००** | **६४२,१६०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ८००,०००.०० | १५७,८४०.०० | २७,५००.०० | १३०,३४०.०० | १५७,८४०.०० | ०.०० | १५७,८४०.०० | ६४२,१६०.०० |
| 28142 **घर भाडा** | | | | | **६०,०००.००** | **११,७००.००** | **७,८००.००** | **३,९००.००** | **११,७००.००** | **०.००** | **११,७००.००** | **४८,३००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ६०,०००.०० | ११,७००.०० | ७,८००.०० | ३,९००.०० | ११,७००.०० | ०.०० | ११,७००.०० | ४८,३००.०० |
| | **जम्मा** | | | | **४८,४३९,०००.००** | **८,२८५,२५०.९२** | **३,९७८,५९६.५८** | **४,३०६,६५४.३४** | **८,२८५,२५०.९२** | **२५,०००.००** | **८,२६०,२५०.९२** | **४०,१५३,७४९.०८** |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | 1100001-**नेपाल सरकार/प्रदेश सरकार** | | **४८,४३९,०००.००** | **८,२८५,२५०.९२** | **३,९७८,५९६.५८** | **४,३०६,६५४.३४** | **८,२८५,२५०.९२** | **२५,०००.००** | **८,२६०,२५०.९२** | **४०,१५३,७४९.०८** |
| | | 01-नगद | ४८,४३९,०००.०० | ८,२८५,२५०.९२ | ३,९७८,५९६.५८ | ४,३०६,६५४.३४ | ८,२८५,२५०.९२ | २५,०००.०० | ८,२६०,२५०.९२ | ४०,१५३,७४९.०८ |
| | **जम्मा** | | **४८,४३९,०००.००** | **८,२८५,२५०.९२** | **३,९७८,५९६.५८** | **४,३०६,६५४.३४** | **८,२८५,२५०.९२** | **२५,०००.००** | **८,२६०,२५०.९२** | **४०,१५३,७४९.०८** |

## १३. तोकिए बमोजिमका अन्य विवरण :

- चालु आ.व. ०८१/८२ (साउन-असोज) मा उजुरी, निवेदन र पुनरावेदनको विवरण ४३३ वटा ।

| महिना | मुद्धा दर्ता संख्या | १०(२) आदेश | ३(क) आदेश | ३२(१)(२) बमोजिम हुने चेतावनीको आदेश | ३२(१)(२) बमोजिम कारबाही भएको आदेश | ३(ख) आदेश | पत्राचार | इजलास संख्या |
|---|---|---|---|---|---|---|---|---|
| साउन | २०९ | २०९ | १ | १ | - | १६ | ४१५ | ९ |
| भदौ | १४६ | १४६ | ६२ | - | १* | ४३ | ३१६ | ८ |
| असोज | ७८ | ७८ | २९ | - | - | ८ | ९१ | ६ |

*तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका कार्यालय प्रमुख, अध्यक्ष, जयप्रकाश पाण्डेलाई रु ५,०००।- जरिवाना गरिएको ।

## १४. आ. व. ०८१/८२ (साउन-असोज) मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरूको विवरण

| सि.नं. | कार्यक्रमको नाम | मिति |
|---|---|---|
| १ | संघीय संसद महिला तथा सामाजिक मामिला समितिले देशको समग्र विकासको मूल प्रवाहमा आउन नसकेका जाति वर्ग तथा समुदायमा सूचनाको हकसम्बन्धी विषयमा छलफल सम्पन्न | २०८१।०४।११ |
| २ | सुशासनका लागि सूचनाको हक, प्रदेशस्तरीय गोष्ठी, लुम्बिनी प्रदेश | २०८१।०४।१८ |
| ३. | सूचनाको हकसम्बन्धी कार्यशाला गोष्ठी, प्रसौनी गा. पा., बारा | २०८१।०४।२० |
| ४. | सुशासनका लागि सूचनाको हक, प्रदेशस्तरीय गोष्ठी, मधेश प्रदेश | २०८१।०४।२५ र २६ |
| ५. | जनकपुरमा आयोजित सूचनाको हकसम्बन्धी प्रशिक्षण शिविर | २०८१।०४।२५ |
| ६. | राष्ट्रिय सूचना दिवस | २०८१।०५।०३ |
| ७. | सूचनाको हकसम्बन्धी प्रशिक्षण कार्यक्रम, ललितपुर | २०८१।०५।१५ |
| ८. | आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन प्रधानमन्त्रीका तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रीबाट प्रतिनिधि सभामा पेश । | २०८१।०५।२४ |
| ९. | अन्तर्राष्ट्रिय सूचना दिवस | २०८१।०६।१२ |

### १४.१ बुलेटिन प्रकाशन

- आयोगबाट भएका क्रियाकलाप तथा कार्यहरूबारे सबैमा जानकारी गराउनका साथै अभिलेखका रुपमा राख्न सकिने उद्देश्यबाट आयोगले सुरु गरेको त्रैमासिक प्रकाशन "सूचना मेरो अधिकार" बुलेटिन नेपालीमा प्रकाशन गर्ने गरिएको छ ।
- **आरटिआई जर्नल प्रकाशन गरिएको**

## १४.२ आयोगबाट मिति २०८१ साउन-असोज मसान्तसम्म भएका बैठकका निर्णयहरू

### बैठक नं. २९८(३)५८
### मिति २०८१।०४।२१
### निर्णय

**निर्णय नं. १**

१. CSM Program को सहयोगमा आगामी वर्ष हुने प्रस्तावित कार्यक्रमको सम्बन्धमा छलफल भयो । प्रस्तावित कार्यक्रमहरुका बारेमा CSM Program सँग एक पटक औपचारिक रुपमा छलफल भैसकेको हुँदा संलग्न प्रस्तावित कार्यक्रम प्रस्ताव गरी CMS Program मा पठाउने । साथै यस वर्षको Letter of Exchange मा उल्लेखित International Travel का सन्दर्भमा बंगलादेशको सूचना आयोगबाट सकारात्मक रहेको जानकारी प्राप्त भयो । Letter of Exchange मा २ जनाको लागि मात्र व्यवस्था भएकोमा एशिया फाउण्डेशनसँग छलफल गर्दा प्रमुख सूचना आयुक्त, एकजना आयुक्त, सचिव र एक जना उपसचिवसम्मको व्यवस्था गर्ने तर्फ छलफल अगाडी बढाउन सकिने जानकारी प्राप्त हुन आएकोले २ जनाको ठाउँमा ४ जनाका लागि व्यवस्था गर्न CSM Program मा अनुरोध गर्ने निर्णय भयो । सोका लागि संलग्न Concept note पनि पठाउने ।

**निर्णय नं. २**

२. आगामी भाद्र ३ गते पर्न गएको राष्ट्रिय सूचना दिवस भव्य रुपमा मनाउने सम्बन्धमा छलफल भयो । उक्त दिवस मनाउन कार्यक्रमको तयारी लगायतका अन्य विषयहरुमा छलफल गरी कर्मचारीहरुलाइ कामको बाँडफाँड जिम्मेवारी दिने निर्णय समेत गरियो । साथै सूचनाको हकका क्षेत्रमा कार्यरत संघसंस्था, नागरिक समाज, सूचनाको हकका अभियान्ता, सञ्चार संस्थाहरुलाई उक्त दिन सूचनाको हकसम्बन्धी कार्यक्रम गरी मनाउन आह्वान गर्ने निर्णय भयो ।

**निर्णय नं. ३**

३. राष्ट्रिय सूचना दिवसको अवसरमा आयोगद्वारा हरेक वर्ष राष्ट्रिय सूचना आयोगमा रही काम गर्नु भएका पूर्व आयुक्तहरुलाई सम्मान गर्दै आएको छ । यसै सन्दर्भमा यस वर्ष पनि राष्ट्रिय सूचना दिवसको अवसरमा पूर्व प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बाँस्कोटालाई सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

४. आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रमहरुको सम्बन्धमा छलफल हुँदा प्रत्येक त्रैमासिकमा गर्नु पर्ने कार्यहरु समयमै सम्पन्न गर्ने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल भयो ।

### बैठक नं. २९९(३)५९
### मिति २०८१।०५।३१
### निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा आयोगबाट प्रकाशन हुने सफलताको कथा प्रकाशन सम्बन्धमा समितिका संयोजक सूचना आयुक्त रत्न प्रसाद मैनालीले प्रगति सुनाउनु भयो । सफलताको कथाको मस्यौदालाई स्वीकृत गरी प्रकाशन गर्न पठाउने निर्णय भयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा आयोगबाट ०७६ पुस देखि ०८१ भदौसम्म आयोगबाट भएका महत्वपूर्ण आदेशहरुको संगालो प्रकाशन सम्बन्धमा समितिका संयोजक सूचना आयुक्त रत्न प्रसाद मैनालीले

प्रगति सुनाउनु भयो । आदेशको संगालोको मस्यौदालाई स्वीकृत गरी प्रकाशन गर्न पठाउने निर्णय भयो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. २ को सम्बन्धमा सूचनामा विश्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस यही सेप्टेम्बर २८ अर्थात् असोज १२ गते शनिवार सार्वजनिक क्षेत्रमा सूचनाको हक मूल प्रवाहीकरण विषयमा राष्ट्रिय गोष्ठीको आयोजना गरी मनाउने निर्णय भयो । यसका लागि तयार भएको Concept Note स्वीकृत गर्ने । कार्यक्रम एशिया फाउण्डेशनको सहयोगमा आयोजना गर्ने । कार्यक्रममा मुख्य प्रस्तुतीकरण (Key note Presentation) राख्न राष्ट्रिय समावेशी आयोगका पूर्व अध्यक्ष डा. रामकृष्ण तिमिल्सिनालाई अनुरोध गर्ने । यसै गरी मोडरेटरका रुपमा नेपाल टेलिभिजनबाट आरती चटौत, पेनलिष्टहरुमा सूचना आयुक्त कमला ओली थापा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल र वरिष्ठ पत्रकार बबिता बस्नेतलाई अनुरोध गर्ने ।

**निर्णय नं. ४**

आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदनलाई अन्तिम रुप दिई छिटो भन्दा छिटो प्रकाशन गर्ने निर्णय गरियो ।

## बैठक नं. ३००(३)६०

## मिति २०८१।०६।१६

## निर्णय

**निर्णय नं. १**

नेपालको संविधानको धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ' भन्ने व्यवस्था छ। यो नागरिकको मौलिक हक हो। नागरिकको यस मौलिक हकको प्रभावकारी प्रचलनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ। यस ऐनको दफा ३ को उपदफा (१) मा 'प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ' भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी ऐनको दफा ३ को उपदफा (२) मा 'प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ' भन्ने व्यवस्था छ । नागरिकलाई संविधान र कानूनले प्रदान गरेको 'सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था ऐनको दफा ११ मा रहेको छ । साथै यस 'आयोगमा प्रमुख सूचना आयुक्त र अन्य दुईजना आयुक्त रहनेछन्' भन्ने व्यवस्था छ । यसैगरी 'प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको नियुक्तिका लागि सिफारिस गर्न सभामुख-अध्यक्ष, संचार तथा सूचना प्रविधि मन्त्री-सदस्य र सभापति, नेपाल पत्रकार महासंघ-सदस्य' रहने गरी एक समिति गठन हुने कानूनी व्यवस्था छ। यस अतिरिक्त ऐनको दफा १४ को उपदफा (३) मा 'आयोगको प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदावधि समाप्त हुनुभन्दा एक महिना अगाडि नै दफा ११ को उपदफा (३) बमोजिम सिफारिस समितिले नयाँ नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ' भन्ने व्यवस्था छ ।

यसरी राष्ट्रिय सूचना आयोगको गठनका सम्बन्धमा ऐनले गरेको व्यवस्था र वर्तमान आयोगका प्रमुख सूचना आयुक्त र सूचना आयुक्तद्वयको नियुक्ति नेपाल सरकार (मं. प.) को २०७६ मंसिर २३ गतेको निर्णयबाट भएको (पद बहाली २०७६ पुष २४ गते भएको) सन्दर्भमा वर्तमान पदाधिकारीको कार्यकाल आगामी २०८१ मंसिर २२ गतेसम्म (अर्थात ४ वर्ष ११ महिना) रहने छ। जस अनुसार सिफारिस समितिले आगामी २०८१ कार्तिक २२ गतेभित्र नयाँ पदाधिकारीको नियुक्तिका लागि नाम सिफारिस गरिसक्नु पर्ने देखिन्छ । जस अनुसार सिफारिश समितिलाई पनि आवश्यक गृहकार्यका लागि एक महिनाको समय लाग्नसक्छ भन्ने अनुमानका आधारमा वर्तमान आयोग सिफारिस समितिलाई सोको एक महिना पूर्व यस बिषयमा सूचित गर्नु आफ्नो कर्तव्य सम्भी सम्माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यू र महासंघका सभापतिलाई लिखित ध्यानाकर्षण

गराउने र यसको सूचना सम्माननीय प्रधानमन्त्रीज्यूलाई नेपाल सरकारका मुख्यसचिव मार्फत प्रेषित गर्ने समेतका लागि निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा राष्ट्रिय सूचना आयोगले Asia Foundation को सहयोगमा पहिलो पटक मधेश र लुम्बिनी प्रदेशका चारवटा जिल्लालाई छनौट गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४, नियमावली, २०६५ र कार्यान्वयन अनुगमन निर्देशिका, २०७६ को प्रावधान बमोजिम सूचनाको हकको कार्यान्वयनको स्थिति के-कस्तो रहेको छ भन्ने सम्बन्धमा आरटिआई अडिट सम्पन्न गरिएको छ । यस सम्बन्धी प्रतिवेदन आयोगमा प्राप्त भएको छ ।

यो परीक्षणमा मधेश प्रदेशको सिराहा जिल्लाका १७ वटा स्थानीय तह, रौतहट जिल्लाका १८ वटा स्थानीय तह, लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाका १० वटा स्थानीय तह र नवलपरासी पश्चिम जिल्लाका सात स्थानीय तह गरी जम्मा ५२ वटा स्थानीय तह समावेश गरिएको थियो । यस परीक्षणका लागि आयोगबाट उपलब्ध गराइएको यस अघि सङ्घीय मन्त्रालयमा गरिएको परीक्षणमा सोधिएको १० वटा प्रश्नहरुलाई स्थानीय सरकारका लागि उपयुक्त हुनेगरी परिमार्जन सहित तयार गरिएको थियो । साथै हरेक प्रश्नको आधारमा थप पुरक प्रश्नहरु पनि संलग्न गरिएको थियो ।

स्थानीय सरकारले पाएको औसत अङ्कको आधारमा उनीहरुको मूल्याङ्कन गरिएको छ । मधेश र लुम्बिनी प्रदेशबीचमा तुलनात्मक विश्लेषण गरिएको छ भने जिल्ला जिल्लाबीचमा पनि तुलना गर्ने प्रयास गरिएको छ । यसरी विश्लेषण गर्दा मधेश प्रदेश तुलनात्मक रुपमा लुम्बिनी भन्दा राम्रो देखिएको छ भने सिराहा जिल्ला अन्य जिल्ला भन्दा राम्रो देखिएको छ । समग्र स्थानीय तहहरुको मूल्याङ्कन गर्दा सिराहाको नवराजपुर गाउँपालिका र कपिलवस्तुको वाणगङ्गा नगरपालिका बराबरी अङ्क सहित प्रथम स्थानमा रहेका छन् ।

यो परीक्षणबाट समग्रमा हेर्दा स्थानीय तहमा सूचनाको हकको कार्यान्वयनको अवस्था कमजोर रहेको पाइयो । प्रायः स्थानीय तहमा सूचना अधिकारी तोक्ने तर तिनीहरुलाई कुनै क्षमता अभिवृद्धि, कार्य वातावरण र प्रोत्साहन नदिने गरेको पाइयो । सूचना अधिकारी तोक्दा पनि कानूनी प्रावधानलाई मिचेर चौथो तथा पाँचौ तह मुनिको व्यक्ति (आइटी अफिसर) हरुलाई तोकिएको पाइयो भने उनीहरुको सूचनामा पहुँचकै सवाल मुख्य रुपमा देखियो । सूचना व्यवस्थापन र प्रकाशनको अवस्था निक्कै कमजोर पाइयो । एक दुई वटा स्थानीय सरकार बाहेक कुनैमा पनि सूचना माग भएको र दिएको समेत विवरणहरुको व्यवस्थित रेकर्ड पाइएन भने नियमित प्रकाशन गर्नुपर्ने स्वतः प्रकाशनको अवस्था निक्कै नाजुक रहेको पाइएको छ । सूचनादाताको संरक्षण गर्ने र सूचनाको वर्गीकरण गर्ने कार्यमा पनि ध्यान पुगेको देखिँदैन भने सूचनाको हकलाई प्रवर्द्धन गर्ने कार्यमा स्थानीय सरकारको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश नगरेको देखिन्छ । स्थानीय सरकारले सूचनाको हकको क्षेत्रमा गरेको सेवा प्रवाहलाई प्रगति विवरणमा समेत देखाउन सकेका छैनन् । स्थानीय तहको नीति, कार्यक्रम तथा बजेटमा सूचनाको हकलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

स्थानीय तहमा सूचनाको हकको कार्यान्वयनको अवस्था कमजोर देखिनुमा सूचना अधिकारीलाई कार्य वातावरण र थप प्रोत्साहनको अभाव हुनु, सूचना अधिकारीको लागि सूचनाको हकसम्बन्धी क्षमता विकास तालिमको अभाव हुनु, र सूचना अधिकारीकै सूचनामा पहुँच नहुनु हो भन्ने सूचनाको हक कार्यान्वयन परीक्षण, २०८१ को निष्कर्ष रहेको पाइन्छ । सूचनामा सहज पहुँच अभिवृद्धि गर्न सार्वजनिक निकायले सूचनाको अधिकतम् खुलासाको अभ्यासलाई आत्मसात गर्नु जरुरी छ । त्यसमा पनि सरकारी कार्यालयले सूचनाको स्वतः प्रकाशनलाई नियमित जिम्मेवारीको रुपमा लिएर काम गर्नुपर्ने हुन्छ । सूचनादाताको संरक्षणमा कर्मचारीलाई प्रोत्साहित गर्ने र नीति तथा कार्यक्रमले सूचनाको हकको सवालमा बोल्ने वातावरण बनाउनु आवश्यक छ। सूचना अधिकारीको अग्रसरता र प्रस्तावमा स्थानीय सरकारले वार्षिक रुपमा सूचनाको हकसम्बन्धी कार्यक्रम र प्रवर्द्धनात्मक कृयाकलाप गरी नागरिकलाई जानकारी गराउनु पर्ने विषय प्रतिवेदनमा समावेश भएको पाइयो

। साथै प्रतिवेदनले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिम क्षेत्रगतरुपमा सूझाव दिएको पाइन्छ ।

## १. स्थानीय सरकारका सम्बन्धमाः

- स्थानीय सरकारले सूचना अधिकारी तोक्दा सूचनाको हकसम्बन्धी नियमावलीको प्रावधानलाई ख्याल गर्नुपर्ने ।
- सूचना अधिकारी तोकिसकेपछि आवश्यक क्षमता विकासको तालिम दिलाउने र थप प्रोत्साहनसहित सूचना अधिकारीको रुपमा काम गर्न उचित कार्य वातावरण मिलाइ दिनुपर्ने ।
- सूचना संकलन, व्यवस्थापन र नियमित खुलासामा स्थानीय सरकारले ध्यान दिनुपर्ने ।
- स्थानीय रुपमा सूचनाको वर्गीकरण र संरक्षणको योजना बनाउनुपर्ने ।
- सूचनाको लागि भएको माग र दिएको संख्या, क्षेत्र लगायतको विवरणलाई आफ्नो प्रगति प्रतिवेदनमा समावेश गर्ने ।
- स्थानीय सरकारले वार्षिक नीति, बजेट तथा कार्यक्रममा सूचनाको हकलाई समेट्ने ।
- स्थानीय सरकारले दिने सेवाको सूचीमा सूचनाको हकलाई पनि समावेश गर्ने ।
- विभागीय प्रमुख तथा अन्य सार्वजनिक निकायको सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी तालिम दिने ।
- अन्तर्राष्ट्रिय थाहा पाउने दिवस, सूचनाको हकसम्बन्धी ऐन आएको दिन वा राष्ट्रिय सूचना आयोगको स्थापना दिवस मनाउने आदि कृयाकलाप आयोजना गरी सूचनाको हकको प्रबर्द्धन गर्ने ।
- स्थानीय सरकारको मातहतमा रहेको सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न लगाउने, तोके नतोकेको अनुगमन गर्ने र प्रतिवेदन संकलन गरी सम्बन्धित अनुगमन समितिमा बुझाउने ।
- भ्रष्टाचार निवारणको लागि स्थानीय सरकारले आफ्नो कार्यालयमा रहेका कर्मचारीलाई सूचना उपलब्ध गराउन प्रोत्साहन गर्ने र सूचनादाताको संरक्षणमा आवश्यक संयन्त्र निर्माण गर्ने ।
- स्थानीय सरकारले सूचनाको हकलाई आत्मसात गरी कार्यान्वयनको जिम्मा लिएर कार्ययोजना नै बनाएरअघि बढ्नुपर्ने देखिन्छ ।

## २. राष्ट्रिय सूचना आयोगको सम्बन्धमाः

- प्रदेश अनुगमन समितिलाई कृयाशील गराउनुपर्ने ।
- स्थानीय अनुगमन समितिलाई थप जिम्मेवार बनाई कानुन बमोजिम तीन/तीन महिनामा हरेक सार्वजनिक निकायबाट प्रतिवेदन संकलन गरी पेस गर्ने वातावरण बनाउनुपर्ने ।
- स्थानीय सरकारलाई सूचनाको हकसम्बन्धी ऐनको प्रावधान अनुसार सूचना अधिकारी तोक्न र क्षमता अभिवृद्धिको तालिम दिलाउन निर्देशन गर्नुपर्ने ।
- स्थानीय सरकारले तीन/तीन महिनामा गर्ने स्वतः खुलासाको नियमित अनुगमन गरी कानून अनुसार नगर्नेलाई सचेत गराउनु पर्ने ।
- यो आरटिआई अडिटले तराईका जिल्लालाई मात्र समेटेकोले अन्य पहाडी जिल्लामा र अन्य सार्वजनिक निकाय जस्तै स्वास्थ्य संस्था र विश्वविद्यालयमा पनि विस्तार गर्नपर्ने ।
- आरटिआई अडिटको कार्यक्रमलाई सातै प्रदेशको हिमाल, पहाड र तराई सबै क्षेत्र समेटिने गरी विस्तार गरिनुपर्ने ।

- आरटिआई अडिटलाई अन्य सार्वजनिक निकाय जस्तैः स्वास्थ्य संस्था, शैक्षिक संस्था, बैक, सरकारी र सरकारका विभाग जस्तै मालपोत, नापी, राहदानी, शिक्षा, सडक आदिमा पनि विस्तार गर्न सके सूचनाको हकको संरक्षण र प्रवर्द्धनमा साँच्चै राम्रो काम हुने देखिन्छ ।

**३. स्थानीय अनुगमन समितिको सम्बन्धमाः**

- सूचना अधिकारीको नियमित बैठक राख्नुपर्ने ।
- स्थानीय सरकारको सूचना अधिकारीलाई अन्य स्थानीय सार्वजनिक निकायमा पनि सूचना अधिकारी तोक्न निर्देशन दिनुपर्ने ।
- सूचना अधिकारी तोके नतोकेको बारेमा नियमित अनुगमन गरी प्रतिवेदन अर्को बैठकमा पेश गर्न लगाउनुपर्ने ।
- स्थानीय सरकारका सूचना अधिकारीबाट संकलित प्रतिवेदनलाई एकीकृत गरी राष्ट्रिय सूचना आयोगमा पठाउने व्यवस्था मिलाउनुपर्ने

**अन्य सुझावः**

- सूचना अधिकारीको कार्य सम्पादन मूल्यांकनमा सूचनाको हकलाई छुट्टै सूचक बनाएर मापन गर्ने व्यवस्था गर्नुपर्ने ।
- सूचना अधिकारीको बार्षिक सम्मेलन गर्ने र उत्कृष्ट सूचना अधिकारीलाई सूचना व्यवस्थापन, सूचनाको हकको प्रबर्द्धन, सूचनादाताको संरक्षण जस्ता सूचकको आधारमा राज्यबाट पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

प्रतिवेदनको अध्ययन तथा विश्लेषण र प्राप्त सुझावहरुको मूल्याङ्कन गर्दा सूचनाको हकको कार्यान्वयन अध्ययन गरिएका स्थानीय तहहरुमा केही सन्तोषजनक देखिएता पनि धेरै विषयमा थप प्रयास गर्नुपर्ने देखिन्छ। स्थानीय तहमा पहिलो पटक गरिएको यस अध्ययनले सूचनाको हक कार्यान्वयमा रहेका कमी कमजोरी तथा समस्याका रुपमा विषयमा विस्तृत रुपमा अध्ययन गरेको पाइन्छ । प्रतिवेदन अध्ययन र छलफल पश्चात् सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिम गर्न गराउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत निर्देशन दिने निर्णय गरेको छ ।

**१. स्थानीय तहका सम्बन्धमाः**

क) सूचना अधिकारी अनिवार्य रुपमा तोक्ने र सूचना अधिकारी तोक्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४(क) को व्यवस्था बमोजिम मात्र गर्ने गराउने ।

ख) सूचना मागको अवस्थालाई ध्यानमा राखी आवश्यकता भएमा सूचना शाखाको व्यवस्था गर्ने गराउने ।

ग) सूचना अधिकारीलाई सार्वजनिक निकायमा भएका सूचनामा सहज पहुँच तथा सहयोग गर्ने गराउने व्यवस्था गर्नु पर्ने । साथै सूचना अधिकारीलाई स्रोत साधन सम्पन्न बनाउने ।

घ) सूचनाको हकको कार्यान्वयका लागि प्रत्येक स्थानीय तहले सूचनाको हकसम्बन्धी बजेट तथा कार्यक्रम अनिवार्य रुपमा प्रत्येक वर्ष राख्ने ।

ङ) सूचना अधिकारीलाई सार्वजनिक निकायमा प्राप्त हुने वैदेशिक भ्रमण, तालिम, पुरस्कार जस्ता विषयमा प्राथमिकतामा राख्ने ।

च) सूचनाको हक कार्यान्वयनका लागि राम्रो अभिलेख व्यवस्थापन हुन आवश्यक हुने भएकोले सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन प्रणाली अबलम्बन गर्ने गराउने ।

छ) स्थानीय तहको नीति, कार्यक्रम तथा बजेटमा सूचनाको हकको कार्यान्वयनलाई समावेश गर्ने गराउने ।

ज) स्थानीय तह आबद्ध तथा अन्तर्गत थुप्रै सार्वजनिक निकायहरु रहने हुँदा सबै सार्वजनिक निकायमा सूचनाको हक कार्यान्वयन गर्न गराउन निर्देशन दिनुका साथै तालिम, प्रशिक्षण, छलफलको व्यवस्था गर्ने गराउने ।

झ) सूचनाको हक सम्बन्धी कानूनले तोकेका व्यवस्थाहरु सबै कार्यन्वयन गर्ने गराउने ।

ञ) सूचनाको माग सम्बन्धी अभिलेख राखी प्रगति जिल्ला स्तरीय अनुगमन इकाई र आयोगमा पठाउने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा आयोगले द एशिया फाउण्डेशनको सहयोगमा सूचनाको हकबारे नागरिक सचेतनाका सम्बन्धमा मधेश प्रदेश र लुम्बिनी प्रदेशका २-२ वटा जिल्लामा गरेको सर्वेक्षण प्रतिवेदन अध्ययन गरी कार्यान्वयन गर्नका लागि के गर्नु पर्ने हुन्छ सचिवालयले अर्को बैठकमा पेश गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा सूचनामा विश्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस Sept २८ (असोज, १२) गते शनिवारका दिन सार्वजनिक क्षेत्रमा सूचनाको हक मूल प्रवाहीकरण विषयमा राष्ट्रिय गोष्ठी राष्ट्रिय सभाको अध्यक्ष श्री दाहालको प्रमुख आतिथ्यतामा आयोजना गरी भव्य रुपमा मनाइयो । कार्यक्रममा मुख्य प्रस्तुतीकरण डा. रामकृष्ण तिमल्सिना, मोडेरेटरका रुपमा नेपाल टेलिभिजनबाट आरती चटौत, पेनालिष्टहरुमा सूचना आयुक्त श्री कमला ओली थापा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्याल र वरिष्ठ पत्रकार श्री बबिता बस्नेत रहनु भएको थियो । सो कार्यक्रममा भएका गतिविधिहरुको प्रतिवेदन तयार गरी अर्को बैठकमा पेश गर्न लगाउने ।

**निर्णय नं. ५**

आयोजना तथा विविध कृयाकलाप गर्दा वातावरण संरक्षण ऐन, २०७६ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने गरिएको छ । यस्ता प्रतिवेदनहरु सर्वसाधारणको राय - सुझाव लागि प्रारम्भिक तहमा सार्वजनिक गरिने गरिएको भएता पनि प्रतिवेदन स्वीकृत भए पश्चात त्यस्ता प्रतिवेदन सार्वजनिक वा सर्वसाधारण नागरिकको पहुँचमा नरहने भन्ने भनाई आइरहेको सन्दर्भमा यसको कानूनी व्यवस्था र यस्ता प्रतिवेदनहरु सार्वजनिक गर्ने वा संरक्षण गर्ने, सर्वसाधारण नागरिकको पहुँचमा राख्ने तथा पारदर्शिता कायम गर्ने र प्रतिवेदन पश्चात पनि हुने अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरुका सम्बन्धमा के कस्तो व्यवस्था रहेको र कार्यान्वयन कसरी भइरहेको छ भन्ने बारेमा बन तथा वातावरण मन्त्रालयका कार्यालय प्रमुखलाई १५ दिनभित्र जानकारी गराउन लेखी पठाउने ।

**निर्णय नं. ६**

जलवायू परिवर्तनको विषय सबैको चासो भएको विषय हो । जलवायू परिवर्तनका कारण भइरहेका घटना तथा प्रभावहरु स्वाभाविकरुपमा जनचासोको विषय हो । जलवायू परिवर्तनका असरहरु न्यूनीकरण गर्न नेपाल सरकारले लिएका नीति, कार्यक्रम, बजेट तथा कार्यान्वयनको अवस्था बारेमा सर्वसाधारण नागरिकले थाहा पाउनु पर्ने संवैधानिक र कानूनी अधिकार हो । यस्ता कृयाकलापहरु स्वाभाविक रुपमा पारदर्शी, जवाफदेही र

जिम्मेवारीपूर्वक सम्पन्न गरिनु पर्ने हुन्छ । यस सम्बन्धमा भए गरेका विषयहरुका बारेमा १५ दिनभित्र आयोगलाई जानकारी गराउन बन तथा वातावरण मन्त्रालयका कार्यालय प्रमुखलाई लेखी पठाउने ।

**विविध**

(क) यही २०८१ साल असोज ११ र १२ गते अविरल वर्षाले आएको बाढी पहिरोका कारण ठूलो जनधनको क्षति भएको छ । बाढी तथा पहिरोमा परी जीवन गुमाएका नागरिकहरू प्रति आयोग भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ र शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

यस विपदका क्रममा खोज, उद्धार र राहतका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूले गरिरहेका प्रयासहरू सकारात्मक दिशातर्फ गइरहेको अवस्था छ । विपदमा परेका नागरिकहरूका लागि तीनै तहका सार्वजनिक निकायहरूले घाइतेहरूको उपचार, राहत वितरण, अस्थायी बसोबासलगायतका कार्यहरू गरिरहेका छन् । यसका लागि आवश्यक पर्ने उपचार सामग्रीदेखि राहत सामग्रीहरू खरिद तथा वितरणका कार्यहरू भइरहेका छन् । नीतिगत र कार्यान्वयन तथा समन्वय सम्वन्धी प्रसस्त निर्णयहरू हुनुका साथै ती निर्णयहरू कार्यन्वयनमा समेत गएका छन । विपद्मा परेका नागरिक तथा व्यवसायहरूका लागि विभिन्न तहका सार्वजनिक निकायहरूवाट केही न केही प्रकारका सहुलियत तथा राहतका प्याकेजहरू घोषणा भएका छन् । यही उद्देश्यका लागि सरकारी तथा निजी क्षेत्रबाट सहयोगका लागि रकम तथा सामग्री उपलब्ध भइरहेको पाइन्छ ।

सार्वजनिक सरोकारको विषय भएको हुनाले यस विपदका समयमा नागरिकलाई उद्धार गर्न र उपचार गर्न, राहत प्रदान गर्न विभिन्न तहका सार्वजनिक निकायहरूवाट भएका र अब हुने यस्ता निर्णयहरूको क्रममा भएका कार्यहरू सम्वन्धी सूचनाहरू अद्यावधिक गरि राख्नु पर्ने जिम्मेवारी सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ उपदफा (१) ले सार्वजनिक निकायलाई दिएको छ । साथै यस्ता सूचनाहरूको संरक्षण तथा उचित व्यवस्थापन गर्न सके मात्र भविष्यमा आइपर्ने सक्ने यस्तै विपदका वेलामा पुन प्रयोग गर्न सकिनुका साथै तत्काल सार्वजनिक गर्न समेत सहज हुनेछ। अहिलेको प्रविधिको युगमा यस्ता दस्तावेजहरू विद्युतीय स्वरुपमा संरक्षण गर्नु पनि उत्तिकै उपयुक्त हुने यस आयोगको ठहर रहेको छ ।

स्वाभाविक रुपमा यस्तो विपद्को अवस्थामा कुनैपनि सार्वजनिक निकायको पहिलो प्राथमिकता भनेको सर्वसाधारण नागरिकलाई उद्दार र राहत उपलब्ध गराउनु हो र यसैमा जोड दिन आवश्यक रहेको विषयमा आयोग सहमत छ ।

सार्वजनिक निकायहरूको पारदर्शी र उत्तरदायी क्रियाकलाप लोकतन्त्रको एउटा महत्वपूर्ण आधार स्तम्भ हो । उपचार र राहतका लागि सार्वजनिक निकायहरूले गरेका प्रयासहरूका बारेमा यथार्थ र सही सूचना समयमै पाउँदा सर्वसाधारण नागरिकबाट स्वाभाविक सहयोग र समर्थन प्राप्त गर्न सकिन्छ । नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । यस संवैधानिक हकलाई कार्यान्वयन गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले कानूनी व्यवस्था गरेको छ। सही सूचना प्रवाह हुन नसक्दा मिथ्या, गलत, भ्रामक, अफवाहजन्य सूचनाको कारण सर्वसाधारण नागरिकलाई दिगभ्रमित बनाउने संभावना रहन्छ ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ४ उपदफा (१) र उपदफा (२) को खण्ड (क), (ख) र ( ग) बमोजिम क्रमश: सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ, सूचना समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,

आफ्नो कामकारवाही खुला र पारदर्शी रुपमा गर्ने दायित्व सार्वजनिक निकायहरूको हुने व्यवस्था गरेको छ । यस अवस्थामा सार्वजनिक निकायहरूले बाढी तथा पहिरो पीडितहरूको उपचार र राहतका लागि गरेका निर्णय, खरिद तथा वितरण सम्वन्धी कृयाकलापका सूचना स्वत सार्वजनिक गर्दै जान सकिने हो भने सर्वसाधारण नागरिकलाई सूचना माग गरिरहन पर्ने अवस्था तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई सूचना उपलब्ध गराउन लाग्ने समयवाट छुट्कारा पाउन संभव हुन्छ भन्ने आयोगको विश्वास रहेको छ। तसर्थ सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ख), (ग) र (ङ) बमोजिम संघीय सार्वजनिकका हकमा नेपाल सरकारका मुख्य सचिव मार्फत, राष्ट्रिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख, प्रदेशका सार्वजनिक निकायहरूका हकमा सो प्रदेश सरकारका प्रमुख सचिव मार्फत र बाढी तथा पहिरो प्रभावित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत देहाय वमोजिम गर्न गराउन निर्देशन दिने :

१. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूबाट पीडितहरूको उपचार तथा राहतका लागि भए गरेका कामहरूका बारेमा सञ्चारका विभिन्न माध्यमबाट नियमित रुपमा सार्वजनिक गराउने व्यवस्था मिलाउने ।

२. उपलब्ध र वितरण भएका वा गरिने तथा खरिद गरिने सामग्री, सेवा तथा राहतका वारेमा सञ्चारका विभिन्न माध्यमबाट नियमित रुपमा नेपा सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूवाट सार्वजनिक गराउने व्यवस्था मिलाउने ।

३. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूबाट राहत उपलब्ध गराउन पर्ने नागरिकहरूलाई वितरण गरिएको राहतको विवरण तथा आधार नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने । सहजता तथा अभिलेखका लागि यस्ता विवरण विद्युतीय प्रणालीमा राख्ने व्यवस्था गर्ने ।

४. यस सन्दर्भमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत किसान श्रमिक, युवा, बालबालिका लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकका लागि छुट्टै कार्यक्रम ल्याइएको भए त्यस्ता कार्यक्रमका बारेका सूचना सार्वजनिक गर्ने ।

५. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र सम्बद्ध निकायहरूले आ-आफ्नो निकायका सूचना अधिकारीलाई यस समयमा ईमेल, भाइवर, मोवाइल तथा अन्य माध्यमबाट समेत सम्पर्क गर्न सकिने व्यवस्था गर्ने ।

६. नेपाल सरकारवाट स्वीकृत सूचनाको हक कार्यन्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ बमोजिम गठित केन्द्रीय समन्वय इकाई, कार्यन्वयन अनुगमन इकाई, प्रदेश अनुगमन इकाई र जिल्ला अनुगमन इकाईहरूलाई सकृय गराई यस अवधिमा र नियमित रुपमा सूचनाको हकको प्रयोग वारेमा अनुगमन गरी त्यसको प्रतिवेदन सार्वजनिक गर्ने र यस आयोगलाई पनि जानकारी दिने व्यवस्था मिलाउने ।

७. सार्वजनिक निकायमा रहेका सूचना संकलन गरी सर्वसाधारण नागरिकसम्म पुर्‍याउने आमसञ्चारकर्मीहरू तथा सूचनाका हकका अभियन्ताहरू सार्वजनिक निकायहरूमा गई रहने पर्ने हुंदा निजहरूको सुरक्षाको व्यवस्था मिलाउन आवश्यक व्यवस्था गर्ने ।

८. सूचना प्रवाह गर्ने क्रममा सार्वजनिक निकायहरूले व्यक्तिगत प्रकृतिका सूचनाहरू पनि दिएको वा दिने संभावना रहेको र यसवाट पर्ने प्रभाव दुखदायी हुन सक्ने तथा यस्ता कार्य गर्न कानुनी रुपमा पनि सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा २८ तथा अन्य कानूनहरूले प्रतिबन्ध लगाइएको हुँदा यस्तो कार्य नगर्ने नगराउने ।

९. प्रत्येक सार्वजनिक निकायले कानूनी व्यवस्था बमोजिम प्रत्येक तीन/तीन महिनामा गरिने स्वत: प्रकाशनमा उल्लेखित विवरणहरू समावेश गर्ने ।

(ख) अबिरल बर्षाका कारण देशका विभिन्न भागमा आएको बाढी पहिरोमा परी दिवङ्गत हुनु भएका सम्पूर्ण व्यक्तिहरुप्रति आयोग श्रद्धाञ्जली व्यक्त गर्दछ। साथै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ। बाढी पहिरोबाट पुग्न गएको अकल्पनीय क्षतिबाट पीडितहरुलाई राहत प्रदान गर्न सहयोग पुऱ्याउनको लागि आयोगका प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरुको ७ (सात) दिनको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने ।

## १५. आयोगको वेवसाइट :

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट www.nic.gov.np रहेको छ । इमेल ठेगाना info@nic.gov.np रहेको छ ।

## १६. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

- कुनै सम्झौता नभएको

## १७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:

- राष्ट्रिय सूचना दिवस
- अन्तर्राष्ट्रिय सूचना दिवस
- सुशासनका लागि सूचनाको हक विषय प्रदेशस्तरीय गोष्ठी, मधेश प्रदेश
- सुशासनका लागि सूचनाको हक विषय प्रदेशस्तरीय गोष्ठी, सुदुरपश्चिम प्रदेश
- आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन प्रतिनिधि सभामा प्रधानमन्त्रीका तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रीबाट पेश ।

**१८. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली:** सबै सूचना खुल्ला रहेको ।

**१९. आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन : १ वटा** ।

## २०. यस आयोगबाट निम्न प्रकाशन, प्रकाशन गरी वितरण भएको छ ।

१ बार्षिक प्रतिवेदन २०६५/०६६-२०७९/०८० सम्म
२ सचित्र पुस्तिका
३ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data - OGD) सम्वन्धी प्रतिवेदन
४ Guidelines of Public Information Officers (PIOS)
५ आयोगका जानकारीमूलक ब्रोसियर
६ National Startegic Plan of Action (NSPA) 2073, 2074, 2075
७ Right to Information (RTI) Journal
८ Proactive Disclosure Management System (PDMS) Guidebook

९ Management Information System (MIS) Guidebook
१० सूचनाको सन्देश (पाठ्यसामग्री)
११ शिक्षक स्रोत सामग्री (सूचनाको हक र सुशासन)
१२ अनुगमन तथा मूल्यांकन प्रतिवेदन- २०७५
१३ सफलताका कथा २०७३, २०७४, २०७५, २०८१
१४ विभिन्न वर्षमा आयोगबाट भएका मुख्य मुख्य आदेशहरू

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ।**

फोन नं ०१-४५९६५४४, ४५९३९८४
इमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np
https://www.facebook.com/rtinepal
https://twitter.com/suchanaayog